नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १५५ २०७७ साल माघ ५ गते सोमबार (18 Jan. 2021 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : तत्कालीन प्रम कोइरालालाई ... ३ पृष्ठमा : ठूला आन्तरिक ... ३ पृष्ठमा : अफगानिस्तानमा गोली हानी ...

# मुलुकको राजनीतिक अवस्था बारे संचारकर्मी चनाखो हुनुपर्छ : मुख्यमन्त्री राउत




*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

प्रदेश २ का मुख्यमन्त्री लालवावु राउतले मुलुकको राजनीतिक अवस्था गम्भीर मोडमा रहेका कारण सञ्चारकर्मीले यसप्रति चासो देखाउन आवश्यक रहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको १० औं वार्षिक साधारणसभालाई शनिबार तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ बनरझुलामा सम्बोधन गर्दै उनले प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा बिघटन गरेका कारण संकट बढेको भन्दै चनाखो रहन सञ्चार क्षेत्रलाई आग्रह समेत गरेका हुन् ।

जनताको बलिदानीबाट प्राप्त उपलब्धिको रक्षाका लागि सञ्चारकर्मीमाथि पनि जिम्मेवारी रहेको भन्दै उनले पत्रकारले पनि यस प्रकारको विकृतिका बिरुद्ध खबरदारी गर्न जरुरी रहेको उल्लेख गरे ।

मुख्यमन्त्री राउतले सञ्चार क्षेत्रको विकास र पत्रकारहरुको समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउदै देशको अस्थिर अवस्थामा ल्याउनको लागि पत्रकारहरुको थप जिम्मेवारी बढेको भन्दै संघीय सरकारले निम्त्याएको जटिल अवस्थालाई सही दिशामा ल्याउन अझ सशक्त रुपमा भूमिका निर्वाह गर्न संचारकर्मीहरुलाई उहाँले आग्रह समेत गर्नुभयो ।

प्रदेश सरकारले सञ्चार क्षेत्रको विकासका लागि छिट्टै सञ्चार प्राधिकरण गठन र मिडिया काउन्सिल सम्बन्धि कार्य अगाडी बढाउन लागेको जानकारी दिदै प्रदेश सरकार सञ्चार क्षेत्र र पत्रकारहरुको हकहित र उनीहरुको स्तरबृद्धि र समस्याप्रति गम्भीर रहेको उल्लेख गरे ।

सप्तरी जिल्ला आन्दोलनको ऐतिहासिक भुमि रहेको भन्दै मधेसी समुदाय उत्पीडित, पिछडीएका वर्ग, दलित, जनजाति, मुस्लिम, महिलाहरुले अधिकार प्राप्तीका लागि समय समयमा बिभिन्न आन्दोलन समेत गरेको उनले जिकिर गरे ।

प्रदेश सरकारले बेटीबचाउ बेटी पढाउँ अभियान अर्न्तगत यस आर्थिक बर्षमा कक्षा आठमा पढने छोरीहरुको लागि ३० हजार नयाँ साइकल बितरण गर्ने योजना तयारी गरिएको बताए । अगामी महिनामा साइकल बितरण गर्ने योजना रहेको बताउदै मुख्यमन्त्री राउतले कक्षा ११ र १२ मा अध्यन गर्ने छोरीहरुलाई करिब दुई हजार ल्यापटप बितरण गर्ने जानकारी पनि दिए । प्रदेश २ का आठ जिल्ला मध्ये चार ठाउँमा भने लोकसेवाको कक्षाहरु समेत संचालन गर्ने योजनाका साथ कामहरु अगाडी बढाइएको मुख्यमन्त्री राउतको भनाई छ ।

एक अर्को प्रसङ्गमा उनले सर्बोच्च अदालतले दिने निर्णय हामी सबैका लागि ग्राह्य हुने तर जुन परिस्थितिको अहिले निर्माण गरिएको छ त्यसले जनतामा आशंका उत्पन्न गराएको बताए । इतिहासमै विपी कोईरालापछि यस पटक बलियो बहुमतको सरकार बने पनि आफ्नै पार्टी भित्रको विग्रहका कारण संसद भंग गरेपछि उत्पन्न परिस्थितिले पाएको उपलब्धि पनि कतै खोसिने पो होईन भन्ने आशंका थपिएको उनले बताए ।

मुख्यमन्त्री राउतले अहिले सत्ताधारी पार्टीभित्रको विवादले जसरी संसद भंग गरिएको छ यसले भोलिका दिनमा संघीयता, गणतन्त्र, समानुपातिक समावेशिता रहने हो वा होईन भन्ने आशंका थपिएको छ । जनताले नेपाल कम्यूनिष्ट पार्टी ( नेकपा) लाई करीब दुई तिहाई नजिकको सरकार बनाउने मौका दिएको भए पनि जनताको विश्वासमाथि यति बेला कुठाराघात भएको उनको टिप्पणी थियो ।

यस्तै कार्यक्रममा प्रदेश नं. २ का भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले प्रेस स्वतान्त्रका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउदै पत्रकार समजको ऐनाको रुपमा रहेको भन्दै सरकारको नजर नपुगेको ठाउँमा पत्रकारहरुको नजर पुग्ने गरेको जिकिर गरे । पत्रकारिता मर्यादित पेशा भएको भन्दै समाजको परिर्वतमा हरेका अगुवाको रुपमा सकारात्मक रुपमा काम गर्न

***बाँकी दुई पृष्ठमा***

# रोकिराखेको ट्याक्टरमा सुमो ठोकिदा एकको मृत्यु, दुई गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको खडक नगरपालिका खण्डमा रोकिराखेको ट्याक्टरमा सुमो ठोकिदा एक जनाको मृत्यु भएको छ भने दुर्घटनामा दुई जना गम्भिर घाइते भएका छन् ।

रोकिराखेको स.१त.२५१२ नम्बरको ट्याक्टरमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको मे.१ज. २४५२ नम्बरको सुमो ठोकिदा सो दुर्घटना भएको हो ।

दुर्घटनामा सुमो सवार झापाको शिवसतासी नगरपालिका ११ डुरामनी बस्ने २५ वर्षिय रमेश लिम्बुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । उनलाई गम्भिर अवस्थामा उपचारका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल भर्ना गरिएकोमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीको भनाई छ ।

यस्तै दुर्घटनामा गम्भिर घाइते भएका सुमो चालक पाँचथर जिल्ला फिदिम नगरपालिका ३ बस्ने ३४ वर्षिय टेक बहादुर दर्जि र झापा जिल्ला गौरादह नगरपालिका ४ निवासी ३६ वर्षिय जितबहादुर श्रेष्ठको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

यता ट्याक्टर, चालक तथा सुमो गाडी नियन्त्रणमा लिई दुर्घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक भुवनेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

# आज सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

प्रदेश २ सरकारले सोमबार माघ ५ गते प्रदेशभरि सार्वजनिक बिदा दिएको छ ।

प्रदेश सरकारले बलिदानी दिवसको अवसरमा माघ ५ गते सार्वजनिक बिदा दिएको हो ।

विगतका दुई वर्षदेखी प्रदेश सरकारले बलिदानी दिवसमा सार्वजनिक बिदा दिँदै आएको छ ।

२०६३ साल माघ ५ गते सिराहाको लहानमा विद्यार्थी रमेश महतोको गोली प्रहारबाट ज्यान गएपछि मधेश आन्दोलन उग्र बनेको थियो । यही दिनको स्मरणमा प्रत्येक वर्ष मधेश बलिदानी दिवस मनाइँदै आएको छ ।






## सम्पादकीय ....

# सहिदहरुको सपना कहिले साकार हुने !

शहिदहरुको सम्झनामा माघ ५ गतेको दिनलाई विगत १३ वर्षदेखी बलिदानी दिवसको रुपमा मनाउँदै आइरहेको छ । बि.सं. २०६२/६३ को मधेश आन्दोलनमा शाहदत प्राप्त गरेकाहरुको सम्झनामा सो दिवस मनाइदै आइरहेको छ ।

यहीबाट उपेन्द्र यादव मधेशका नेताको रुपमा स्थापित हुन सफल भएका हुन् । यस दिन मधेश आन्दोलन पश्चात् मधेशले पाएको आंशिक उपलब्धीहरुप्रति चर्चा गर्ने गरिन्छ । मधेश र मधेशीको उपलब्धिलाई जोगाउन जसरी फोरम र राजपा एकजुट भएर निर्वाचनमा प्रतिष्पर्धा गरे त्यसको उपलब्धी स्वरुप प्रदेश २ मा सरकार बनाउन सफल भए पनि मधेशीहरु अहिले पनि अधिकारका लागि संघर्षरत रहेको देखिन्छ । यता हाल दुबै पार्टीबीच एकीकरण समेत भइसकेको छ ।

दुबै पार्टी एक भई बनेको जसपाले राज्यपक्षसँग आफ्नो अधिकार सुनिश्चित्ता गराउन सके मात्र मधेशी जनताले पार्टीलाई झन विश्वास गर्न सक्छन् । तर अहिले जसपा मात्र नभएर सबै पार्टीहरु सरकारको असंबैधानिक कदमबिरुद्ध आन्दोलनरत छन् । तसर्थ सरकारको असंबैधानिक कदम बिरुद्ध आन्दोलित जसपाले मधेश आन्दोलनबाट प्राप्त उपलब्धीहरुलाई समेत संस्थागत गर्न अग्रसरता देखाउनु जरुरी छ । अनिमात्र सहिदहरुको सपना साकार हुनेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तत्कालीन प्रम कोइरालालाई जस्तो विघटन अधिकार वर्तमान प्रमलाई नभएको जिकिर

काठमाडौँ, ४ माघ (रासस) ।

प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिट निवेदनबमोजिम आइतबार संवैधानिक इजलासमा भएको सुनुवाइमा रिट निवेदकका तर्फबाट अधिवक्ता सन्तोष भण्डारीले प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षका लागि भएकाले प्रधानमन्त्रीलाई विघटन गर्ने अधिकार नभएको बताउनुभएको छ । रिट निवेदकको माग र विषयवस्तुबारे आइतबारदेखि मात्र सुनुवाइ भएको हो ।

त्यस्तै अधिवक्ता गिरिराज भट्टले विगतमा गिरिजाप्रसाद कोइरालाले आफूसँग भएको अधिकार प्रयोग गरेर तत्कालीन श्री ५ लाई विघटन सिफारिश गरिएपछि प्रतिनिधिसभा विघटन भए पनि अहिले नेपालको संविधानमा त्यो व्यवस्था नभएको जिकिर गर्नुभयो ।

अधिवक्ता डा भीमार्जुन आचार्यले वर्तमान संविधानमा प्रतिनिधिसभा विघटन गर्ने अधिकारबारे कहीँकतै उल्लेख नगरिएको जिकिर गर्नुभयो ।

गत पुस ११ देखि सर्वोच्च अदालत, संवैधानिक इजलासमा सुनुवाइ शुरु भई क्षेत्राधिकार विवादमा बहस भएपछि संवैधानिक इजलासमै सुनुवाइ गरिने भनी यही माघ २ गते आदेश भएको थियो ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासले शुक्रबार संवैधानिक इजलासमै सुनुवाइ गर्ने तय गरेपछि आइतबारदेखि विषयवस्तुमा प्रवेश गरेर बहस शुरु भएको हो ।

उक्त विवादमा संवैधानिक इजलास वा बृहत् पूर्ण इजलासमा सुनुवाइ गर्ने भनेर गत पुस २२, २९ गते हुँदै यही माघ २ गते संवैधानिक इजलासमै सुनुवाइ गर्ने तय भएको हो । रिट निवेदक १३ जनामध्ये ११ जनाले उक्त विषय बृहत् पूर्ण इजलासमा सुनुवाइ गर्नुपर्ने माग गर्दै पूरक निवेदन दिएकाले क्षेत्राधिकारका विषयमा लामै बहस र छलफल भयो ।

गत १० पुस गते संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न सरकारका नाममा आदेश जारी गरेको थियो । आदेशअनुसार राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सभामुखले गत पुस १९ गते महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेश गरिसक्नुभएको छ ।

अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी सिफारिश र निर्णयको सक्कलप्रति राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट झिकाउने तथा प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएको खुल्ने गरी सक्कल रजिष्ट्रारसमेतका कागजात सङ्घीय सचिवालयबाट झिकाउने आदेश जारी गरेको थियो ।

अदालतका सहयोगी ( एमिकस क्युरी) मा वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की, सतिशकृष्ण खरेल, विजयकान्त मैनाली, पूर्णमान शाक्य र गीता पाठक रहनुभएको छ ।

प्रधानमन्त्रीका सिफारिशमा राष्ट्रपतिले यही पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशी श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गर्नुभएको थियो ।

रिट निवेदनमा निवर्तमान सांसदले प्रधानमन्त्रीका सिफारिशमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको छ ।

त्यस्तै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ता शालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, सन्तोष भण्डारी, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर ओली, कमलबहादुर खत्री, मनिराम उपाध्याय, तुलसी सिंखडा र अच्युतप्रसाद खरेलले निवेदन दायर गर्नुभएको थियो ।

कानून व्यवसायीले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्रीले गरेको सिफारिश र सो सिफारिशका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनसम्बन्धी सम्पूर्ण कामकारवाही र सो सिफारिशका आधारमा भएगरेका सम्पूर्ण कार्य नेपालको संविधानको धारा, १३३ को उपधारा, २ र ३ बमोजिम उत्प्रेषणका आदेशबाट बदर गरी प्रतिनिधिसभाले गर्नुपर्ने काम सम्पन्न गर्न उपयुक्त आदेश गर्न माग गरिएको छ ।

## मुलुकको राजनीतिक ...

संचारकर्मीहरुलाई आग्रह पनि गरे ।

सोही कार्यक्रममा समाजिक बिकास मन्त्री नबलकिशोर साहले बर्षणी आउने बाढीले क्षतिग्रहत र डुवान हुने सप्तरीको पुर्वी भेगका जनताको समस्याका लागि प्रदेश सरकारले पनि चासो लिनुपर्नेमा जोड दिए ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षतामा आयोजित समारोहमा प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साह, भूमि वयवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साह, राष्ट्रियसभा सदस्य शेखर कुमार सिंह, प्रदेशसभा सदस्य मनिष सुमन, तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष सतिशकुमार सिंह लगायत विभिन्न अतिथिहरुले शुभकामना दिएका थिए ।

कार्यक्रममा पूर्वसभापति शिवहरि भट्टराई, व्यसशंकर उपाध्याय, विष्णु मण्डल, बैजनाथ झा, मुरली यादव, धिरेन्द्र प्रसाद साह, प्रकाश खतिवडा, शम्भु झा तथा प्रेस काउन्सीलका पूर्व सदस्य अनिल कुमार अनललाई मुख्यमन्त्री राउतले दोसल्ला तथा कदपत्रबाट सम्मान गरेका थिए ।



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ठूला आन्तरिक विमानस्थलको धमाधम विस्तार

काठमाडौँ, ४ माघ (रासस) । मुलुकको हवाई उड्डयन क्षेत्रको बढ्दो आकर्षण र खड्किएको पूर्वाधार विस्तारका लागि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान) ले ठूला आन्तरिक विमानस्थलको धमाधम विस्तार र स्तरोन्नति गरिरहेको छ ।

देशभरका ठूला आन्तरिक विमानस्थलको गुरुयोजना बनाइ योजनाबद्ध रुपमा विकास तथा विस्तार गर्ने नीति लिएको क्यानले सोहीअनुरुप झापाको चन्द्रगढी, मोरङको विराटनगर, सप्तरीको राजविराज, बाँकेको नेपालगञ्ज तथा कैलालीको धनगढी विमानस्थलको गुरुयोजना तयार गर्ने कार्य सम्पन्न गरेको क्यानको २२औँ वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख छ ।

देश सङ्घीयतामा भएको परिप्रेक्षमा प्रादेशिक रुपमा महत्वपूर्ण ठूला आन्तरिक विमानस्थलाई प्रदेश सरकार, स्थानीय सरकार तथा सङ्घीय सरकारको संयुक्त साझेदारीमा विकास तथा विस्तार गर्ने नीति लिइएको छ । सोही बमोजिम विराटनगर विमानस्थलको विकास र विस्तार गरी अन्तरराष्ट्रियस्तरको विमानस्थलमा स्तरोन्नति गर्न प्रदेश नं १ सरकारले ४० प्रतिशत, विराटनगर महानगरपालिकाले १० प्रतिशत र सङ्घीय सरकारका तर्फबाट ५० प्रतिशत आर्थिक साझेदारी गरी समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

कर्णाली प्रदेशको राजधानीमा अवस्थित सुर्खेत विमानस्थलको विकास र विस्तार गर्न प्रदेशले ५० प्रतिशत र सङ्घीय सरकारको ५० प्रतिशत आर्थिक साझेदारी गर्नेगरी समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ ।

मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रको आन्तरिक हब विमानस्थलका रुपमा रहेको नेपालगञ्ज विमानस्थलमा छ आन्तरिक वायुयान बढी क्षमताको एप्रोन विस्तार कार्य सम्पन्न गत मङ्सिर १६ गतेबाट सञ्चालनमा आएको छ । उक्त एप्रोन छ वटा एटीआर जहाजलाई 'पुस ब्याक अपरेशन' गर्न सकिने गरी निर्माण गरिएको छ ।

त्यसैगरी उक्त विमानस्थलको मौजुदा एक हजार ५०० मिटरको धावनमार्गको लम्बाई थप २०० मिटर बढाउने कार्य जारी रहेको छ । कैलाश मानसरोवार जाने भारतीय पर्यटकलाई लक्षित गरी उक्त विमानस्थलबाट नयाँदिल्लीमा उडान गर्ने योजना रहे पनि हवाई रुटको टुङ्गो नलाग्दा हाल स्थगन गरिएको छ ।

भविष्यमा भारतीय शहरबाट क्षेत्रीयस्तरमा हुनसक्ने अन्तरराष्ट्रिय उडानलाई दृष्टिगत गरी उक्त विमानस्थलको चरणबद्ध विकास गर्नु आवश्यक रहेको क्यानले उल्लेख गरेको छ । धनगढी, भरतपुर र चन्द्रगढी विमानस्थलमा धावनमार्ग, ट्याक्सीमार्ग र एप्रोन कालोपत्र गर्ने कार्यसम्पन्न भएको छ ।

जनकपुर विमानस्थलमा अत्याधुनिक 'स्टेल स्ट्रक्चर' प्रविधिबाट निर्मित टर्मिनल टावर भवन निर्माण भई हालै सञ्चालनमा आएको छ । महेन्द्रनगर विमानस्थलमा स्थानीय नगरपालिका तथा प्रदेश सरकारसँग सहकार्य गरी विमानस्थल विस्तार गर्न गुरुयोजना तयार पारिएको छ ।

क्यानको विवरणमा हाल देशभर ५४ विमानस्थलमध्ये ३२ विमानस्थल सञ्चालनमा छन् । यी विमानस्थलमध्ये ३५ विमानस्थलको धावनमार्ग पक्की रहेको छ । अहिले मुलुकमा एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ । थप दुई अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल छन् । गौतमबुद्ध विमानस्थलको भौतिक प्रगती ९३ प्रतिशत र पोखरा विमानस्थलको ६८ प्रतिशत भौतिक प्रगती रहेको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### अफगानिस्तानमा गोली हानी दुई महिला न्यायाधीशको हत्या

काबुल, ४ माघ (रासस/एएफपी) ।

अफगान सर्वोच्च अदालतका दुई महिला न्यायाधीशमाथि आइतबार बिहानै राजधानी काबुलमा गोली हानी हत्या गरिएको छ । अफगानमा जारी हिंसा अन्त्य गर्न सरकार र मुख्य विद्रोही तालिबान समूहबीच शान्ति वार्ता भइरहे पनि व्यक्ति हत्याको क्रम बढेको छ ।

पछिल्ला केही महिनादेखि खासगरी राजधानी काबुलमा उच्च तहका व्यक्ति लक्षित आक्रमण भइरहेका छन् । यी हत्याले राजधानी काबुलसहित देशका प्रमुख शहर बजारमा त्रास फैलाएको छ ।

अमेरिकी रक्षा मन्त्रालयले अफगानिस्तानमा तैनाथ अमेरिकी सेनाको संख्या कटौती गरी दुई हजार ५०० मा सीमित गर्ने घोषणा गरेको दुई दिन नबित्दै पछिल्लो आक्रमण भएको छ ।

दुई न्यायाधीश सरकारी सवारी साधनमा चढेर अदालत गइरहेको अवस्थामा आक्रमण भएको सर्वोच्च अदालतका प्रवक्ता अहमद फाहिम क्वाइमले जानकारी दिनुभयो । "दुर्भाग्यवस, आइतबारको आक्रमणमा हामीले दुई महिला न्यायाधीशलाई गुमाएका छौँ । उनीहरुका सवारी चालक घाइते भएपनि सकुशल छन् ।"

प्रवक्ता क्वाइमका अनुसार अफगानिस्तानका उच्च अदालतमा २०० भन्दा बढी महिला न्यायाधीश कार्यरत छन् । काबुल प्रहरीले पनि आक्रमणको पुष्टी गरेको छ ।

अफगानिस्तानको सर्वोच्च अदालतमा यसअघि सन् २०१७ को फेब्रुअरीमा पनि आक्रमण गरिएको थियो । उक्त आक्रमणबाट कम्तीमा २० जना मारिनुका साथै ४१ जना घाइते भएका थिए ।

हालैका महिनामा राजनीतिकर्मी, पत्रकार, अधिकारवादी, चिकित्सक र कानुन व्यवसायीसमेतका माथिल्लो पंक्तिका धेरै अफगानीलाई लक्षित गरी काबुल र अन्य शहरमा दिनदहाडै सिलसिलाबद्ध आक्रमण भइरहेका छन् ।

अफगान अधिकारीले ती आक्रमण तालिबान समूहले गराएको आरोप लगाउँदै आएका छन् तर तालिबान समूहले जिम्मेवारी लिन अस्वीकार गर्दै आएको छ । कतिपय हत्याको जिम्मेवारी भने जिहादी इस्लामिक स्टेट समूहले लिने गरेको छ ।

यसै महिनाको शुरुमा अमेरिकी सैन्य कमान्डले अफगानिस्तानमा भइरहेका आक्रमण तालिबानबाट भएको दाबी गरेको थियो ।

अफगानिस्तानमा तैनाथ अमेरिकी फौजका प्रवक्ता कर्णेल सोन्नी लिगेटले ट्वीट गर्दै अफगानिस्तानमा भइरहेका आक्रमणमा तालिबानको सङ्लग्नता रहेको पाइएको र त्यसले शान्ति कायम गर्ने अफगान जनताको चाहनामाथि कुठाराघात गर्ने बताउनुभएको थियो ।

तालिबान र अफगान सरकारबीच कतारको राजधानी दोहामा शान्ति वार्ता जारी रहेकै अवस्थामा अफगानिस्तानमा हिंसात्मक घटना बढेको भन्दै सर्वत्र चिन्ता पनि व्यक्त गरिएको छ ।

अफगानिस्तानका गुप्तचर निकायका प्रमुख अहमद जिया सिराजले सन् २०२० मा तालिबान समूहले देशभर १८ हजारभन्दा बढी आक्रमण गरेको संसद्लाई जानकारी दिनु भएको छ ।

### चीनले पाँच दिनमा एक हजार ५०० आइसोलेसन सेन्टर बनायो

सिजियाङ, ४ माघ (रासस/सिन्ह्वा) ।

चीनको उत्तरी सहर हेबेइको एक सहरमा गएका पाँच दिनमा एक हजार ५०० वटा आइसोलेसन सेन्टरका कोठा निर्माण गरिएको समाचारमा जनाइएको छ ।

हेबेइ प्रान्तका स्थानीय अधिकारीले शनिबार सो जानकारी दिएका बताइएको छ । एउटा नयाँ बन्न लागेको कारखानाको जमिन प्रयोग गरेर सोही जमिनमा ती आइसोलेसन सेन्टर निर्माण गरिएका बताइएको छ ।

समाचारमा जनाइएअनुसार चीनमा पछिल्लो समयमा कोरोना भाइरसका सङ्क्रमित देखिन थालेकोले यसका लागि ती स्थानमा आइसोलेसन सेन्टर बनाउने काम थालिएको हो ।

चीनको नाङगोङ सहरमा यो सेन्टर बनाउन थालिएको छ । उक्त प्रान्तका अधिकारीले छ हजार ५०० वटा कोठा बनाउने योजना रहेको बताएका छन् ।

ती मध्येका एक हजार ५०० वटा कोठा गएको पाँच दिनमा नै निर्माण गरी सकिएको यहाँका स्थानीय अधिकारीले जानकारी गराएका छन् ।

आइसोलेसेन सेन्टरका रुपमा प्रयोग गर्ने भनिएका ती कोठा प्रत्येकको क्षेत्र १८ स्क्वायर मिटर रहेको बताइएको छ । ती सबै कोठामा सौचालय र बाथरुम, हिटर, बेड तथा टप बाथसमेत रहेका ती अधिकारीले जानकारी गराए । उनका अनुसार सो क्षेत्रमा नै वाइफाइको पनि व्यवस्था गरिएको छ ।

हेबेइ प्रान्तको सिनजियाङभन्दा केही पर रहेको नाङगोङ सहरमा पछिल्ला केही दिनयता कोरोना भाइरसका सङ्क्रमित भेटिएकोले उनीहरुको व्यवस्थापनका लागि यी आइसोलेसन सेन्टर निर्माण गरिएका बताइएको छ ।

केही दिनयतादेखि चीनका कतिपय सहरमा कोरोना भाइरसका सङ्क्रमित भेटिएका समाचार आइरहेका बताइएको छ ।

सोही कारणले ती सहरका विभिन्न स्थानमा चीनका स्थानीय अधिकारीले यस्ता आइसोलेसन सेन्टर बनाउन थालेका पनि समाचारमा जनाइएको छ ।

चीनको नाङगोङ सहरमा ती आइसोलेसन सेन्टर निर्माणका लागि यहाँका स्थानीय एक आयोजनाका इन्जिनियर छु पेचिङले नेतृत्व गर्नुभएको बताइएको छ ।

उहाँले आफूले दुई सिफ्टमा गरी ३०० जना कामदारलाई लगाएर पाँच दिनको बीचमा एक हजार ५०० वटा आइसोलेसन कोठा निर्माण गरेको जानकारी गराउनुभयो ।

उहाँले सो क्षेत्रमा मात्र छ हजार ५०० वटा यस्तै कोठा बनाइने योजना रहेकोले अहिलेकै गतिमा सो कार्य पनि सकिने बताउनुभयो ।

# राजविराज जेसीजको पदस्थापना तथा पुरस्कार बितरण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

राजविराज जेसीजको ४६ औं पदस्थापन तथा पुरस्कार वितरण समारोह शनिबार राजविराजमा सम्पन्न भएको छ ।

आयोजित समारोहमा प्रदेश २ का प्रदेशसभा सदस्य मनिष सुमनको प्रमुखले जेसीजबाट राजनीतिकर्मीले धेरै कुरा सिक्नु पर्ने बताउँदै जेसीज आस्था र दर्शनबाट प्रभावित क्रियाशील युवाहरुको राजनीतिमा हस्तक्षेप नहुँदा मुर्ख र बेइमानहरु राजनीतिमा हावी भएको बताए ।

प्रसस्त युवाहरु क्रियाशील रहेको जेसीजलाई सहयोग गर्ने गत वर्षदेखिको इच्छा यस वर्ष पुरा गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै उनले जुनसुकै राजनीतिक विचारधारा भए पनि समाजलाई समृद्ध गर्न एकजुट हुनुपर्ने बताए ।

आयोजित पदस्थापन समारोहमा अध्यक्षका रुपमा सिद्धार्थ तातेडको नेतृत्वमा नयाँ कार्यसमितिको पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

राजविराज जेसीज २०२० का अध्यक्ष नानीमैया कटवालको अध्यक्षता आयोजित समारोहमा नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, राजविराज जेसीजको पूर्व अध्यक्ष एवम् सप्तरी उद्योग बाणिज्य संघका उद्योग उपाध्यक्ष शंकर दास, प्रहरी नायव उपरिक्षक भुवनेश्वर साह, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, एकल महिला समूहकी प्रदेश २ अध्यक्ष अनीता देवकोटा, जिल्ला बार एकाईका अध्यक्ष डोमन साह, उदयपुर जेसीज २०२० का अध्यक्ष ललीत नायकले कार्यकाल सफलताको शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाल जेसीजका पूर्व अध्यक्ष गोबिन्द सिंह, राजविराज जेसीजका पूर्व अध्यक्षहरु जगदीश अर्याल, राजेन्द्र शर्मा, कारी मण्डल, कुँवर सिंह तातेड, महेन्द्रनाथ मुन्धडा, देवेन्द्र देवकोटा, अनन्तलाल साह, मनोहर पोखरेल, दिपेन्द्रकुमार दास, मिलन सिंह, सन्तोष सिन्हा, कृष्णकुमार देव, नेपाली सेनाका क्याप्टेन आर्जन राणा, इटहरी जेसीजका पूर्व अध्यक्ष भुवन राउत, अधिवक्ता मीना देव, महिला मानवअधिकार रक्षक सञ्जालकी गीता पाण्डे, मैथिली महिला परिषदकी प्रतिमा देब, विभिन्न कार्यालय, बैंक, बित्तिय संस्थाका अध्यक्ष एवम प्रबन्धकलगायतको उपस्थिती रहेको थियो ।

राजविराज जेसीजको कार्यसमितिको कानुनी सल्लाहकारमा गणेश दास महासचिवमा राजेश मण्डल, कोषाध्यक्षमा उज्जवल काबरा, तालिम संयोजकमा अनीषा ठाकुर, व्यापार निर्देशकमा सौरभ झा, जनसम्पर्क अधिकारीमा नम्रता राज, शाखा सम्पादकमा बिप्लब आनन्द र थिम सम्पादकमा सुनितकुमार मुन्नालाई मनोनयन गरिएको घोषणा गरे ।

यसअघि निर्वाचन संयोजक संजय दासले अध्यक्षमा तातेड, कार्यकारी उपाध्यक्षहरुमा मनीष दास, रञ्जना चौधरी, सुनिलराज दास, उपाध्यक्षहरुमा पंकज देव, खेलानन्द दास, मीना साह, रबी राय, बिक्रम काबरा र रितेश यादव निर्वाचित भएका थिए ।

# एचआइभी एड्सबाट बाबुआमा गुमाएकी छोरीको पनि मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

नौं वर्षअघि एचआइभी एड्सबाट बाबुआमा गुमाएकी छोरीको समेत सोही कारणले आइतबार मृत्यु भएको छ ।

राजविराज १ चनौरा निवासी १६ वर्षिया अमैया धामीको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका क्रममा मृत्यु भएको मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले जानकारी दिएका छन् । स्वास्थ्य अवस्था गम्भिर बन्दै गएपछि अमैयाका आफन्तले दुई साताअघि अस्पताल भर्ना गरेका थिए ।

बि.स. २०६८ बैशाख १ गते एचाआइभी एड्सबाट आमाको मृत्यु भएको तीन दिनपछि बुबा इन्दलको पनि मृत्यु भएको थियो । उनका १२ वर्षीय भाईसमेत एचआइभी एड्सबाट पीडित भएको र नियमित औषधी खाने गरेको उनका मामा मनोज धामीले जानकारी दिए । यता आइतबारै मृतकको शव उनका मामाले बुझिलगेको अस्पतालले जनाएको छ ।

# शिवशनिदेव धामका साधुसन्तलाई न्यानो कपडा प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

सप्तरीको रुपनी गाउँपालिकास्थित शिव शनिदेवधाममा साधुसन्तका लागि जाडोबाट जोगिन शनिवार न्यानो कपडा बितरण गरेको छ ।

शनिदेवधाममा रहेका पुजारी साधुसन्तको लागि शिव इर्न्टनेश्नल बोडिङ स्कुलले न्यानो कपडा बितरण गरिएको हो ।

१० जना साधुसन्तलाई ब्याङकेट, झुल, डसना र तकिया ३/३ थान तथा तन्ना ५ थान बितरण गरिएको एनप्याप्सन सप्तरीका अध्यक्ष तथा शिव बोडिङ स्कुलका प्रिन्सीपल नरेशप्रताप साहले जानकारी दिदै उनीहरुलाई एक दिन भोजनको समेत ब्यवसथा गरिएको थियो ।

सो क्रममा शनिदेव धामका पुजारी भुपेन्द्र यादव, नियमित भक्त एवम संचारकर्मी जिवछ दासको उपस्थितमा साधु शंकर चौरसियालाई उक्त न्यानो लुगा प्रदान गरिएको थियो ।




## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*